श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

नेपाल विशेष अदालत ऐन २०१३ (संशोधन सहित) को दफा २ र ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

जनकपुर अञ्चल अदालतका अञ्चल न्यायाधीशको एक सदस्यीय विशेष अदालत गठन गरिएको छ ।

सर्लाही जिल्ला अदालतमा दायर रहेको वादी श्री ५ को सरकार प्रत्येवादी वकील तोकिर मींयासमेत रहेको ऋषिनन्दन यादव कर्तव्य परी मरेको ज्यान मुद्दा उक्त जिल्ला अदालतबाट झिकी कारवाई र किनारा गर्न यस विशेष अदालतलाई सुम्पिएको छ ।

यस विशेष अदालतले जनकपुर अञ्चलमा जहाँसुकै आफ्नो इजलास कायम गर्न सक्नेछ ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

80

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।